नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक २३८ २०८२ साल बैशाख १० गते बुधबार (23 Apr. 2025 Wednesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

***Log in : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : लोकतान्त्रिक प्रणालीमा ... ३ पृष्ठमा : सिरहा प्रादेशिक अस्पतालमा ... ३ पृष्ठमा : म्यान्मामा भूकम्पपछिको...

# लालपूर्जा पाउनु पर्ने माग गर्दै दोस्रो चरणको आन्दोलन घोषणा




**दैनिक समाचारदाता**
**राजविराज, ९ बैशाख ।**

लालपूर्जा पाउनु पर्ने माग गर्दै प्रथम चरणमा बजार बन्द र विरोध प्रर्दशनका कार्यक्रम सम्पन्न गरेका राजविराज नगरवासी पीडित संघर्ष समितीले दोश्रो चरणको आन्दोलनका कार्यक्रम घोषणा गरेको छ।

मंगलवार राजविराजस्थित गजेन्द्र चौकमा पत्रकार सम्मेलनको आयोजना गरी संघर्ष समितीका संयोजक इरसाद अन्सारीले माग पुरा गराउन थप दबाव दिने उद्देश्यले बैशाख १८ गते नगर क्षेत्रको सबै घर र पसलमा कालो झण्डा झुण्ड्याइने, बैशाख १९ गते गजेन्द्र चौकमा मागका पक्षमा हस्ताक्षर संकलन अभियान, बैशाख २१ गते नापी कार्यालयमा कामकाज ठप्प पार्ने गरी धर्ना र बैशाख २२ गते राजविराज नगरपालिका कार्यालयमा धर्ना दिने कार्यक्रम घोषणा गरेका छन्।

यसअघि प्रथम चरणको आन्दोलनका क्रममा स्थानीय प्रशासन, सुरक्षा निकायका प्रमुख र सरोकारवाला निकायका प्रमुखको उपस्थितीमा गत फागुन १८ गते भएको सहमती कार्यान्वयनमा ढिलाई भएको भन्दै नगरवासीको तर्फबाट गठित संर्घष समितिले दोश्रो चरणको आन्दोलन कार्यक्रम घोषणा गरेको हो।

पत्रकार सम्मेलनको प्रमुख आतिथ्य ग्रहण गरेका जिल्ला समन्वय समिती सप्तरीका प्रमुख शिव नारायण साहले लालपूर्जाको समस्या अविलम्ब सरकारले समाधान गर्न सम्बन्धित निकायको ध्यानाकर्षण गराए।

बि.स. २०१६ सालमै नगरपालिका घोषणा भएर नगरको मुख्य सडक मेनरोड तथा भित्री सडकको दायाँ बायाँ रहेका ५ हजार २ सय परिवार वर्षौ देखी लालपूर्जा पाउन सकेका छैनन। मालपोत कार्यालयबाट विगत ८ वर्ष देखी रोक्का प्रकृया तथा राजविराज नगरपालिका कार्यालयबाट नक्शापास लगायतका कार्य बन्द भएपछी स्थानीय समस्यामा परेको संघर्ष समिती तथा वार्ता समितिका सदस्य दिपेन्द्र चौधरीको भनाई छ।

संघर्ष तथा वार्ता समितीका अर्का सदस्य शम्भुलाल देवले नापी कार्यालयका प्रमुखले रकम लिएर केही व्यक्तीलाई लालपूर्जा प्रदान गरिसकेको दाबीका साथ प्रकृया पुरा गरेर विटौरी र ब्लक जग्गा बाहक सबैलाई लालपूर्जा नदिए आन्दोलनलाई उनी विरुद्ध नै केन्द्रित बनाउने चेतावनी दिए। उनले आन्दोलनबाटै समस्या समाधान हुने भन्दै सबैलाई सहयोग र सर्मथन गर्न आग्रह समेत गरे।

नागरिक समाज सप्तरीका अध्यक्ष थानसिह भन्सालीले माग पुरा नभएसम्म आन्दोलन नरोकिने भन्दै सम्पुर्ण नगरवासी संगठित भई अघि बढे सफलता निश्चित हुने बताए।

संघर्ष समितीले नगरका विटौरी र ब्लक जग्गामा पुस्तौ देखी वसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवारलाई लालपूर्जा प्रदान गरिनु पर्ने, राजविराज वसर्पाकको संचालन, सीमानाका क्षेत्रमा विषादी परिक्षणका लागी क्वारेन्टाईनको व्यवस्था, लामो समय देखी बन्द रहेको छोटी भन्सार कार्यालयहरुको संचालन, लामखुट्टे नियन्त्रणका लागी औषधी छर्कने व्यवस्था, हटियामा निर्माणाधिन कप्लेक्सको अविलम्ब निर्माण कार्य सकाएर व्यापारीलाई हस्तान्तरण लगायतका ८ बुंदे माँग अघि सारेका छन।

झण्डै ६५ वर्ष देखी संघर्षरत बिटौरी र ब्लक जग्गामा वसोवास गर्दै आएका राजविराज नगरपालिकाका ५ हजार भन्दा बढी परिवार अझै लालपूर्जा पाउने आस लगाइरहेका छन्।

## अपहरण तथा जबरजस्तीकरणीका फरार अभियुक्त पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ९ बैशाख ।**

डेढ वर्ष अघि एक युवतीको अपहरण तथा शरीर बन्धक बनाई जबरजस्ती करणी गरेको अभियोगमा अदालतबाट कैद सजाय तोकी फरार रहेका एक अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सप्तरीको सुरुङ्गा नगरपालिका ५ निवासी ४९ वर्षिय मो.इम्तियाज भन्ने इम्तियाज अहमद छन्।


इम्तियाजलाई सप्तरी जिल्ला अदालतले उक्त मुद्दामा २०८० साल साउन ४ गते ८ वर्ष कैद सजाय हुने ठहर गरेको थियो। त्यस पछि फरार भएका उनलाई सोमवार गाउँ

***बाँकी अन्तिम पृष्ठमा***

**॥ शम्भवे गुरवे नमः ॥**

**बिराट शिवगुरु समगोष्ठी एवं महोत्सव**

**पूर्णतः एक अध्यात्मिक आयोजन**



**"आऔं हिडौं शिव तिर"**
**शिव गुरुको शिष्यता**
**एउटा मात्र विकल्प !**
**कार्यक्रमको प्रमुख अतिथि**
विश्व शिव शिष्य परिवारको सचिव एवं शिव शिष्यताका प्रमाण परमपूजनीय अभिनव आनन्द (मन्नु भैया)



यस कार्यक्रममा बिहार राज्यका विभिन्न जिल्लाका गुरु भाई एवं गुरु बहन, नेपालको विभिन्न जिल्लाको गुरु भाई, बहन एवं सप्तरीको शिव शिष्यहरु, अध्यात्म प्रेमी, परमात्मा शिव सँग प्रेम गर्ने मानव श्रृष्टीका सम्पूर्णमा सहभागी भइदिन हुन अनुरोध छ।

**मिति :** २०८२ बैशाख १३ गते शनिबार
**समय :** बिहान १० देखी दिउँसो ४ बजेसम्म
**स्थान :** श्री राजदेवी माध्यमिक विद्यालयको खेल मैदान राजविराज १, सप्तरी

**आयोजक**
श्री शिव शिष्य परिवार सप्तरी
मो. न. ९७०२६३५५९१, ९८१७७३१२१०, ९८५२००००01

## शुभलाभ सहकारीका व्यवस्थापक झा पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ९ बैशाख ।**

राजविराज वडा नं. ३ स्थित शुभलाभ सहकारी संस्था लिमिटेडका व्यवस्थापक प्रशान्त झा पक्राउ परेका छन्।

राजविराज ३ निवासी ४४ वर्षिय झा मंगलबार ठगि तथा अपराधिक विश्वासघात मुद्दामा पक्राउ परेको प्रहरीले जनाएको छ।

उनीमाथी ३१ लाख रकम ठगिको आरोप रहेको प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले जानकारी दिएका छन्।

व्यक्तिहरुबाट संस्थामा जम्मा गर्न दिएको रकम संस्थामा जम्मा नगरि

***बाँकी अन्तिम पृष्ठमा***

**आगलागीबारे चनाखो बनौ**

- खाना पकाइसकेपछि आगो, ग्याँस, चुल्हो, स्टोभ वा हिटर निभाऔं,
- सिलिन्डरको रेगुलटर, पाइप, चुल्होबाट ग्याँस चुहावट (लिक) भएको छ/छैन, ख्याल गरौं,
- पेट्रोललगायत प्रज्वलनशील पदार्थको गन्ध आए बेवास्ता नगरौं,
- सलाई, लाइटरजस्ता वस्तु बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं,
- गोठमा कुँडो पकाइसकेपछि राम्ररी आगो निभाऔं। जथाभावी आगो नबालौं,
- चुरोट, तमाखु, चिलिम, हुक्का र सुल्फा नखाऔं,
- विजुलीका तार, प्लग, स्वीच वा वायरिङ्गको नियमित जाँच गरौं,
- घरबस्तीनजिकै पोखरी, ट्याङ्की वा अरू कुनै तरिकाले पानीको जोहो गरौं,

आगलागी भएमा स्थानीय तह, प्रहरी कार्यालय, दमकल, स्थानीय प्रशासन कार्यालयमा खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### यातायात व्यवस्थापनमा लापरवाही

सप्तरी जिल्लाको प्रमुख राजविराज सहर, सुदृढ प्रशासनिक केन्द्रको रुपमा विकास हुँदै आए पनि यहाँको यातायात व्यवस्थापन अवस्था भने अझै पनि अस्तव्यस्त छ । ट्राफिक नियमहरूको कार्यान्वयनमा कमजोरी, पार्किङको अव्यवस्थितता, फुटपाथको अतिक्रमण र सार्वजनिक यातायातको अनुशासनहीनता यस समस्याका मुख्य कारणहरू हुन् । सहरको मुख्य चौकदेखि विद्यालय क्षेत्र, अस्पताल वरिपरिका सडकसम्म गाडीको जाम दैनिक सामान्य जस्तै बनिसकेको छ । ट्राफिक प्रहरीको उपस्थिति न्यून देखिन्छ, जसले गर्दा सवारी साधन चलाउनेहरू नियम उल्लङ्घन गर्न तछाडमछाड गरिरहेका छन् । विशेषगरी स्कुल बसहरू, अटो रिक्साहरू र मोटरसाइकलहरू जसरी मनलाग्दी ढंगले सवारी गर्छन्, त्यसले यात्रुहरूको सुरक्षामा समेत प्रश्न उठाएको छ ।

पैदल यात्रीहरूका लागि छुट्टै बाटो नहुनु र फुटपाथहरू व्यवसायीक प्रयोजनमा प्रयोग हुनु अर्को गम्भीर समस्या हो । यस्तो अवस्थाले सहरको सौन्दर्य मात्र बिगारेको छैन, दुर्घटनाको जोखिम पनि बढाएको छ । यस समस्याको समाधानका लागि स्थानीय सरकार, ट्राफिक प्रहरी, र नागरिकहरूबीच समन्वय आवश्यक छ । नियमित ट्राफिक निरीक्षण, सवारी चालकहरूको सचेतना अभिवृद्धि, सडक चिन्हहरूको सुधार र प्रविधिको प्रयोग (जस्तै ऋत्र्त्रत्त्व अनुगमन) अब टार्न नहुने प्राथमिकता हुनुपर्छ ।

तसर्थ सहरको विकास यात्रालाई सुशासन मार्फत सुदृढ बनाउने हो भने, यातायात व्यवस्थापन सुधारको थालनी आजैबाट गर्नुपर्छ । अनिमात्र सहर व्यवस्थित ढंगले संचालन हुने कुरामा दुई मत नहोला ।

# लोकतान्त्रिक प्रणालीमा नेता र सरकार फेर्ने व्यवस्था जनतामा छ : पूर्वउपप्रधानमन्त्री निधि

ललितपुर, ९ वैशाख (रासस) ।

नेपाली कांग्रेसका पूर्वउपसभापति एवं पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिले लोकतान्त्रिक प्रणालीमा नेता र सरकार फेर्ने व्यवस्था जनतामा निहित रहेको बताउनुभएको छ ।

नेपाली कांग्रेस सूचना, सञ्चार तथा प्रसार विभागद्वारा पार्टीको केन्द्रीय कार्यालय सानेपामा मंगलबार आयोजित राष्ट्र निर्माणमा युवाको योगदान, तथ्यमा आधारित प्रचार अभियान विषयक बागमती प्रदेशस्तरीय कार्यक्रममा पूर्वउपसभापति निधिले गणतन्त्र र वर्तमान व्यवस्थाका पक्षमा जनतामा सकारात्मक धारणा विकास गराउन सङ्गठित सैद्धान्तिक, राजनीति र वैचारिक बहसलाई जोड दिनुपर्ने बताउनुभयो ।

"सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्रणाली चिरायू रहन्छ भनेर जनतालाई आस्वस्त पार्नुपर्छ, सरकार फेरिएला, नेता फेरिएलान्, चुनावबाट नेतृत्व परिवर्तन लोकतान्त्रिक व्यवस्थामा सामान्य कुरा हो, जनताको अधिकार हो, २०८४ मा चुनाव हुँदा केही परिवर्तन हुन्छ, लोकतान्त्रिक पद्धतिको सफल प्रयोग जनताका पक्षमा गर्नु जरुरी छ", उहाँले भन्नुभयो ।

पूर्वउपसभापति निधिले व्यवस्था परिवर्तन भयो तर अवस्था परिवर्तन भएन भन्ने भ्रमपूर्ण प्रचारलाई चिर्दै थप समृद्धि हासिल गर्न लाग्नुपर्ने अवस्था छ भन्नेमा नेता तथा कार्यकर्ताको ध्यानाकर्षण गराउनुभयो ।

"सहभागितमूलक नीतिनिर्माण र समावेशी शासन व्यवस्थाका लागि कांग्रेसले धेरै काम गरेको छ, पहिलेभन्दा धेरै परिवर्तन भएको छ, लोकतन्त्रमा दल, नेता र नेतृत्वलाई खबरदारी गर्न अधिकार जनतामा छ", उहाँले भन्नुभयो ।

पूर्वउपप्रधानमन्त्री निधिले वर्तमान समयमा विषयमा केन्द्रित रहेर गरिने बहसको अभाव हुँदै गएको छ भन्दै चिन्ता व्यक्त गर्नुभयो । "राष्ट्रको निर्माण, राज्य प्रणालीको व्यवस्थापनमा कांग्रेसले महत्वपूर्ण योगदान गरेको छ, व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाको विकास राज्यको व्यवस्थित आम्दानी र खर्च प्रणाली, लोकतान्त्रिक राज्य प्रणालीको विकासमा नेपाली कांग्रेसले अतुलनीय योगदान गरेको छ, २००७ सालपछि व्यवस्थापिका, न्यायपालिका र कार्यपालिकाको अभ्यास सुरुआत भयो, त्यसअघि राणाहरुको हुकुमी शासनका आधारमा हुन्थ्यो, गहिरिएर अध्ययन गर्ने हो भने आधुनिक राज्यको निर्माण र राज्य प्रणालीको व्यवस्थापनमा कांग्रेसले धेरै काम गरेको छ", उहाँले भन्नुभयो ।

कांग्रेसका सहमहामन्त्री महालक्ष्मी उपाध्याय डिनाले पार्टीको इतिहास बुझाएर वर्तमान र भविष्यप्रति जिम्मेवार बनाउँदै युवाहरुलाई पार्टीमा सक्रिय बनाउन वैचारिक अभियान चलाउनुपर्ने बताउनु । "सामाजिक सञ्जाल आएका धारणाको आधारमा मात्रै पार्टीको धारणा बनाउनु पनि उचित हुँदैन, विगतको दुःखलाई मूल्याङ्कन गर्दै वर्तमानको परिस्थितिलाई मूल्याङ्कन गर्दै सुधार गरेर सुन्दर भविष्य निर्माणमा पार्टी क्रियाशील हुनुपर्छ, समानुपातिक समावेशी आधारमा संसदीय व्यवस्थाबाट नै यो सम्भव हुन्छ", उहाँले भन्नुभयो ।

पार्टीको सूचना, सञ्चार तथा प्रसार विभागका प्रमुख एवं पार्टीको केन्द्रीय सदस्य मीन विश्वकर्माले जनजन र मनमनमा विकसित हुँदै गएको नकारात्मक धारणालाई अन्त्य गर्न आवश्यक रहेको बताउनुभयो । "देशव्यापी रुपमा पार्टीको बारेमा विकसित भएको नकारात्मक धारणा र गलत बुझाइलाई चिर्न आवश्यक छ, २००७ पछि नेपालको राष्ट्र निर्माणमा कांग्रेसका युवाहरुले दिएको योगदानका विषयमा अहिलेको युवाहरूलाई सचेत गराउनु आवश्यक छ, कांग्रेससँग कायम रहेको गौरवशाली विगत, जिम्मेवारीपूर्ण वर्तमान र समृद्ध भविष्यको सम्पूर्ण जनजनमा सत्यतथ्य इतिहास बुझाउन अनिवार्य भएको छ", उहाँले भन्नुभयो ।

पार्टीको जिल्ला समन्वय तथा सम्पर्क विभागका प्रमुख एवं केन्द्रीय सदस्य नानु बाँस्कोटाले भ्रमपूर्ण र मिथ्याको राजनीतिलाई अन्त्य गर्ने नेपाली कांग्रेसले निरन्तर बहस र छलफललाई अगाडि बढाउनुपर्नेमा जोड दिनुभयो । केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले आरोपप्रत्यारोपबाट मुक्त भएर तथ्य र तथ्याङ्कलाई जनतासामु पुर्‍याएर वर्तमान व्यवस्थाका सकारात्मक पक्ष र सत्यतथ्य उजागर गर्न लाग्नुपर्नेमा जोड दिनुभयो ।

कांग्रेस बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले पार्टीको स्थापनाकालमा नै युवाहरूले नेतृत्व गरेकोले अब पनि जनतालाई आशा र भरोसा दिलाउने गरी पार्टीमा युवाहरूको भूमिकालाई प्रभावकारी बनाएर लैजानुपर्नेमा जोड दिनुभयो ।

कांग्रेस ललितपुर जिल्ला सभापति जीतेन्द्रकुमार श्रेष्ठले पार्टीबाट टिकट पाएर निर्वाचन जितेका सांसदहरुले नै नेपाली कांग्रेसको नीतिविरुद्ध अभिव्यक्ति दिँदै हिँडेका भन्दै नेपाली कांग्रेसको अनुशासन समिति सक्रिय भएर यसतर्फ सचेत गराउने काम गर्नुपर्नेमा जोड दिनुभयो ।

तथ्यमा आधारित राजनीति यात्रा विषयमा प्रस्तुतीकरण गर्नुहुँदै अग्रज पत्रकार हरिबहादुर थापाले १०४ वर्षे राणा शासन, २९ वर्ष तीन महिने पञ्चायती शासन र १४ महिने ज्ञानेन्द्रकालीन शासनले नै आन नागरिकलाई आजित बनाएर उदारवादी गणतन्त्रको आवश्यक भएको बताउनुभयो ।

डा. जगत नेपालले कांग्रेसको आन्दोलनको इतिहास, प्रचारप्रसारमा मिडियाको महत्व र भूमिका, नेतृत्वमा रहेर विपी कोइरालाले खेल्नुभएको सकरात्मक भूमिका, विपी, गणेशमान र सुवर्ण शम्शेरले पुर्‍याउनुभएको योगदानका विषयमा चर्चा गर्नुभएको थियो । विभागका सदस्य एवं वरिष्ठ अधिवक्ता गणेश केसीले देशमा विकसित हुँदै गएको नकारात्मक धारणा र सोचलाई चिर्नुपर्ने धारणा राख्नुभयो ।

# स्वास्थ्य बिमा कोषमा आम्दानी बढाउन बिमा बोर्डद्वारा विभिन्न योजना सार्वजनिक

काठमाडौं, ९ वैशाख (रासस) ।

स्वास्थ्य बिमा बोर्डले स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी बनाउन अनावश्यक खर्च कटौती तथा आम्दानी बढाउने गरी विभिन्न निर्णय गरेको छ ।

अध्यक्ष चन्द्रबहादुर थापाको अध्यक्षतामा बसेको बोर्ड बैठकले अनावश्यक परीक्षण गरेर बिमामा दाबी बढ्दा भुक्तानीमा समस्या देखिएको भन्दै त्यस्तो नगर्न र उपचार गर्दा प्रोटोकलअनुसार गर्ने व्यवस्था मिलाउन सहयोगका लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा पत्राचार गरेको छ ।

आधारभूत स्वास्थ्य उपचारका लागि दिने रकमका लागि समेत स्वास्थ्य बिमा कार्यक्रममा मागदाबी परेको भन्दै बोर्डले दोहोरोपना हटाउन सकिए दायित्व कम पर्ने निष्कर्षका साथ यसमा सघाउन मन्त्रालयमा अनुरोध गरेको बोडैले जनाएको छ ।

बोर्डको अनुरोधपश्चात् स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले स्वास्थ्य उपचारको मापदण्ड पूर्ण कार्यान्वयन गर्न र दोहोरोपना हटाउनका लागि सुझाव कार्यदल गठन गरिसक्नुभएको छ ।

बोर्डले नयाँ आम्दानीका स्रोतस्वरुप नेपालमा औषधि बिक्रीवितरण गर्ने सबै कम्पनीको खर्चको निश्चित प्रतिशत स्वास्थ्य बिमा कोषमा खर्च गर्न सकिने प्रस्ताव गरेको छ । यसका लागि पनि स्वास्थ्य मन्त्रालयलाई सहयोगका लागि बोर्डले पत्राचार गरेको कार्यकारी निर्देशक डा रघुराज काफ्लेले जानकारी दिनुभयो ।

यसैगरी बोर्डले आम्दानी बढाउने उपायस्वरुप स्वास्थ्य बिमा चिट्ठा कार्यक्रम सञ्चालनका लागि सरकारसँग अनुमति मागेको छ । स्वास्थ्यमन्त्री पौडेलले यसअघि सबै सङ्घीय अस्पताल विकास समितिको आम्दानीको एक प्रतिशत सोझै बिमा कोषमा जम्मा गर्ने निर्णयसमेत गरिसक्नुभएको छ ।

# 'वामपन्थी शक्तिबीच ध्रुवीकरणको प्रयास भइरहेको छ'

काठमाडौं, ९ वैशाख (रासस) ।

नेपाल कम्युनिष्ट पार्टी एकीकृत समाजवादीका सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनालले मुलुकमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सङ्कट समाधानका लागि वामपन्थी शक्तिबीच ध्रुवीकरणको प्रयास भइरहेको बताउनुभएको छ ।

पार्टीद्वारा नेपाल कम्युनिष्ट पार्टीको ७६औं स्थापना दिवसका अवसरमा मंगलबार आयोजित विचार गोष्ठीमा उहाँले राष्ट्रियता, जनजीविका, सामाजिक रुपान्तरणलगायत विषयलाई उचित ढङ्गले अघि बढाउन कम्युनिष्ट सिद्धान्त तथा आदर्शप्रति समर्पित सबै समूहलाई एकताबद्ध गर्नुपर्ने बताउनुभयो ।

ठूला पार्टीको आत्मकेन्द्रित स्वार्थीपनका कारण जनताको समृद्धिको चाहना पूरा हुन नसकेको बताउँदै उहाँले जनतामा असन्तोष, विरोध र आक्रोश बढ्दै गएकाले यसको जिम्मेवारी ठूला पार्टीहरूले लिनुपर्ने टिप्पणी गर्नुभयो ।

पूर्व प्रधानमन्त्रीसमेत रहनुभएका नेता खनालले वैचारिक तथा सैद्धान्तिक कार्यदिशाको हिसाबले आजका सङ्कटको वस्तुगत विश्लेषण र समाधानको स्पष्ट बाटो लिएको राजनीतिक शक्ति आफ्नो पार्टी भएको उल्लेख गर्नुभयो ।

पार्टीको महासचिव घनश्याम भुसालले मुलुकको बढ्दो बेरोजगारी र शैक्षिक दिशाहिनताले प्रतिभा पलायन भइरहेको अवस्थामा संविधानका प्रगतिशील र समाजवादी पक्षलाई कार्यन्वयन गर्नुपर्ने जोड दिँदै प्रतिगामी शक्तिकाविरुद्ध सङ्घर्ष गर्न देशका समस्त वामपन्थी, प्रगतिशील, देशभक्त, लोकतान्त्रिक शक्तिबीच एकताको खाँचो औँल्याउनुभयो ।

उहाँले संविधानका प्रगतिशील पक्षहरू लागू गरेर देश विकास गर्न संविधानमा उल्लिखित समाजवादलाई कार्यान्वयन गरी उत्पादन वृद्धि गर्नुपर्ने बताउनुभयो । पार्टी सचिव शेरबहादुर कुँवरले जनता र राष्ट्रका समस्या पुँजीवादले समाधान गर्न नसक्ने बताउँदै मुलुकको विद्यमान समस्या समाधान गर्ने वैचारिक सामर्थ्य एकीकृत समाजवादीसँग रहेको बताउनुभयो ।

# विष सेवनबाट तीन बालबालिकाको मृत्यु, आमा सिकिस्त

जनकपुरधाम, ९ वैशाख (रासस) ।

धनुषाको सहिदनगर नगरपालिका ५ यदुकुहामा विष सेवनबाट एकै परिवारका तीन बालबालिकाको मृत्यु भएको छ । सोही घटनामा आमा सिकिस्त हुनुहुन्छ ।

सोमबार राति एकै परिवारका आमासहित चार

बाँकी तीन पृष्ठमा

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सिरहा प्रादेशिक अस्पतालमा चिकित्सकको नियमित सेवाको माग

सिरहा, ९ वैशाख (रासस)।

सदरमुकाम सिराहास्थित प्रादेशिक अस्पतालमा सेवाग्राहीले हैरानी भोग्नुपरेको जनाउँदै स्थानीय जनप्रतिनिधिको अगुवाइमा युवाहरूले तत्काल सुधारको माग गरेका छन्। उनीहरूले सोमबार अस्पताल परिसरमा भेला भएर सेवा प्रवाह, चिकित्सकको नियमित उपस्थिति, अस्पताल फार्मेसीको औषधि वितरण र मौज्दात विवरण सार्वजनिक गरिनुपर्नेलगायत मागसहित अस्पताल प्रमुखलाई तीनदिने 'अल्टिमेटम' दिँदै १९ बुँदे मागपत्र बुझाएका हुन्।

अस्पताल प्रशासनलाई पटकपटक मौखिक तथा लिखित रूपमा ध्यानाकर्षण गराउँदा पनि अस्पताल प्रशासनले नसुनेका कारणले बाध्य भएर विरोधमा उत्रनुपरेको सिराहा नगरपालिका-६ का वडाध्यक्ष इन्द्रजित यादवले बताउनुभयो। "हामीले विगतदेखि अस्पताल सुधारका लागि पटकपटक अस्पताल प्रशासनलाई ध्यानाकर्षण गरायौं", उहाँले भन्नुभयो, "तर मेडिकल सुपरिटेन्डेन्ट र अस्पताल विकास समितिका अध्यक्षले अस्पतालको गतिविधिमा अनियमितता, बिरामीले पाउनुपर्ने सेवा सुविधा, औषधि खरिद र वितरणमा कैफियत रोकिएन। सेवाग्राहीको गुनासोमात्र निरन्तर आइरह्यो।"

आफूहरूको माग सम्बोधन नभए तीन दिनपछि अझ सशक्त विरोधका कार्यक्रम सार्वजनिक गरिने उहाँले जानकारी दिनुभयो।

मागपत्रमा पछिल्लो तीन आर्थिक वर्षमा अस्पतालबाट खरिद गरिएका औषधिको हिसाब, बिरामीलाई वितरण भएको औषधिको विवरण, म्याद सकिएका औषधि, खरिद गरिएका प्रयोगशालाका सामानको हिसाब विवरण सार्वजनिक गर्न आग्रह गरिएको छ।

त्यसैगरी, आमा सुरक्षा कार्यक्रम, एकद्वार सङ्कट व्यवस्थापन केन्द्र (ओसिएमसी)मार्फत सेवा लिएका बिरामीको विवरण र भएको खर्च, अस्पतालमा कार्यरत सम्पूर्ण कर्मचारीको नामावली र नियुक्तिसँग सम्बन्धित कागजात, अस्पतालका विभिन्न उपकरण खरिद बिक्रीमा रकम हिनामिना भएको जनाउँदै हरहिसाब मागिएको छ।

अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीको तलबभत्ता हरेक महिना दिने व्यवस्था गर्नुपर्ने, अस्पतालमा कार्यरत हरेक कर्मचारीको ड्रेस कोडको व्यवस्था हुनुपर्ने, सरसफाइ तथा सम्पूर्ण कर्मचारीको नामावली र समयतालिकासहित सूचनापाटीमा टाँस्नुपर्ने माग गरेका छन्।

मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले ४ वैशाखको राति अस्पताल अनुगमन गरेर फर्किएको चौथो दिन स्थानीय युवाहरूले अस्पताल सुधारको माग गर्दै तीनदिने अल्टिमेटमसहित मागपत्र बुझाएका हुन्। मुख्यमन्त्रीले अनुगमनका नाममा अस्पतालको भौतिक पूर्वाधार, रजिस्ट्रारलगायत सम्बन्धित कागजातमात्र हेरेर फर्किएको गुनासो युवाहरूले गरेका छन्।

# एक वर्षमा ४२ करोड मूल्य बराबरको सामान बरामद

पर्सा, ९ वैशाख (रासस)।

सीमा सुरक्षामा खटिने सशस्त्र प्रहरी बल पर्साको सक्रियता बढाएसँगै छिमेकी मुलुक भारतबाट भन्सार छलीका सामान बरामद हुने क्रम ह्वात्तै बढेको छ। सशस्त्र प्रहरी बल, नेपाल नम्बर १३ गण हेडक्वार्टरका गणपति राधेश्याम धिमालले एक वर्षको अवधिमा रु ४१ करोड ९२ लाख ३१ हजार ७०७ को अवैध तथा शङ्कास्पद मालसामान बरामद गरेको जानकारी दिनुभयो।

"सशस्त्र प्रहरीले सक्रियता बढाएसँगै अवैध चोरी पैठारी गरेर भित्रिने लत्ताकपडा, इलेक्ट्रोनिक्स सामान, हार्डवेयर, मोटरपार्ट्स, खाद्यान्न पदार्थ र किरानाका सामान बरामद हुने क्रम बढेको छ", उहाँले भन्नुभयो, " सशस्त्र प्रहरीले वीरगन्ज भन्सार नाकामा दुईवटा तालिमप्राप्त कुकुर पनि खटाएर जाँच गर्दै आइरहेको छ।"

सशस्त्र प्रहरी बलले २०८१ वैशाखदेखि २०८२ वैशाख ६ गतेसम्म रु २८ करोड ११ लाख छ हजार ४८७ मूल्यका भन्सार छली गरेर भित्र्याइएका लत्ताकपडा, इलेक्ट्रोनिक्स सामान, हार्डवेयर, मोटरपार्ट्स, खाद्यान्न पदार्थ र किराना सामान वीरगन्ज भन्सार कार्यालयमा बुझाएको जनाएको छ।

त्यसैगरी, सोही अवधिमा रु १३ करोड ८१ लाख २५ हजार २२० मूल्यको बिलबिजक नभएका सामान भने राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको जनाएको छ। गणपति धिमालले सशस्त्र प्रहरी बलले जिल्लामा एक सय सात किलोमिटर खुला सीमाको सुरक्षा, सीमानाकामा हुने अवैध चोरीपैठारी निकासी रोकथाम र सीमावासीसँग सशस्त्र प्रहरीलगायतका कार्यक्रम गर्दै आइरहेको जानकारी दिनुभयो।

# पेस्तोलसहित दुई भारतीय नागरिक पक्राउ

सिरहा, ९ वैशाख (रासस)।

सिरहाबाट पेस्तोलसहित दुई भारतीय नागरिकलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरीले सोमबार बरियारपट्टी गाउँपालिका-१ मा गरेको चेकको क्रममा बिना नम्बर प्लेटको मोटरसाइकलमा भारततर्फ जाँदै गरेको अवस्थामा उनीहरूलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिनुभयो।

उहाँका अनुसार पक्राउ पर्नेमा मोटरसाइकल चालक भारत मधुवनीका १९ वर्षीय राजीव सिंह र सोही मोटरसाइकलको पछाडी सवार १९ वर्षीय प्रिन्स सिंह रहेका छन्। प्रहरीले प्रिन्सको साथबाट सानो कटुवा पेस्तोल कम्मरमा भिरेको अवस्थामा एक थान र सो को गोली एक थान बरामद गरेको छ। उनीहरूलाई नियन्त्रणमा लिएर जिल्ला अदालत सिरहाबाट मंगलबार पाँच दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### विष सेवनबाट...

जनाले विष सेवन गर्दा तीन बालबालिकाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रमुख एवं वरिष्ठ प्रहरी उपरीक्षक भुवनेश्वर तिवारीले जानकारी दिनुभयो।

विष सेवनबाट स्थानीय सुशील साहका छ वर्षीय छोरा आदित्य, चार वर्षीया छोरी आकृति तथा दुई वर्षीया छोरी आरुती साह मृत्यु भएको हो। तीनै जनाको घटनास्थलमै मृत्यु भएको र आमा पवित्रा साहको जनकपुरधामस्थित प्रादेशिक अस्पतालमा भेन्टिलेटरमा राखेर उपचार भइरहेको छ।

नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी

राजविराज

प.सं. २०८१/८२ मिति: २०८१/१२/२५

च.नं. ५३६९

विषय : ३५ दिने हकदाबी सम्बन्धि सार्बजनिक सूचना।

दयानन्द सिंहको नाममा दर्ता रहेको साविक प्रगन्ना पकरी मौजे बनौली रैती नं. २२ हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरि जग्गाधनी प्रमाण-पुर्जा पाउँ भनि जिल्ला सप्तरी साविक गा.वि.स. प्रधनी हाल परिवर्तित अग्निसाइर कृष्णासवरण गा.पा. वडा नं. ०४ बस्ने स्व. भवी यादवको छोरा अनुप यादवको यस कार्यालयमा द.नं. २१६०० मिति २०८१/१२/०५ गतेमा निवेदन परि हकदाबी सम्बन्धि सार्बजनिक सूचना प्रकाशित गर्न मिति २०८१/१२/२५ मा आदेश भए बमोजिम यो ३५ दिने हकदाबी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला। म्याद भित्र कसैको हकदाबी उजुरी पर्न नआएमा निवेदकको माँग दाबी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्न तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| सा.कि.नं. | साविक ज.वि. | गा.वि.स. | वार्ड.नं. | हाल कि.नं. | जग्गा क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ६५१ | ०-९-२ | प्रधनी | ७क | २९८ | ०-८-१४ | दयानन्द सिंह | फिल्डबुकको किसान महल, ज.ध. महल र कैफियत महल खाली रहेको। उल्लेखित जग्गा निवेदक अनुप यादवले र.नं. १५४७ मिति २०३०/०२/१० को पारित राजिनामा बाट खरिद गरि लिएको। |

श्री लक्ष्मी प्रसाद खरेल

प्रमुख मालपोत अधिकृत

## विश्व समाचार

# म्यान्मामा भूकम्पपछिको युद्धविराम समाप्त हुने क्रममा

याङ्गुन, ९ वैशाख (रासस/एएफपी)।

गत महिनाको विनाशकारी भूकम्पपछि म्यान्मामा घोषणा गरिएको युद्धविराम मङ्गलबार समाप्त हुने क्रममा छ। यद्यपि सहायता समूहहरू र अन्तर्राष्ट्रिय मध्यस्थकर्ताहरूले राहत प्रयासहरूलाई सहज बनाउन यसको विस्तारका लागि आह्वान गरेका छन्।

सैन्य जुन्ताले सात दशमलव सात म्याग्निच्युडको भूकम्पपछि आफ्ना असङ्ख्य सशस्त्र विरोधीहरूमाथि आक्रमण गर्न रोक्ने घोषणा गरेको थियो। भूकम्पमा परी तीन हजार सात सयभन्दा बढीको मृत्यु भएको छ। जुन्ताले सन् २०२१ को कू मार्फत सत्ता कब्जा गरी धेरै पक्षीय गृहयुद्ध सुरु गरेको थियो।

द्वन्द्व अनुगमनकर्ताहरू र लडाइँ क्षेत्रका बासिन्दाहरूका अनुसार म्यान्माको मध्य भागमा सहायता वितरणलाई प्रोत्साहित गर्न घोषणा गरिएको २० दिने युद्धविरामको अवधिमा दुवै पक्षबाट लडाइँ जारी रहेको छ। युद्धविराम मध्यरातमा (१७३० जिएमटी) समाप्त हुँदैछ।

मङ्गलबार बिहान राज्य सञ्चार माध्यमले युद्धविरामको विस्तारका बारेमा कुनै जानकारी दिएको छैन र एएफपीले जुन्ताका प्रवक्तासँग तत्काल सम्पर्क गर्न सकेको छैन।

संयुक्त राष्ट्रसङ्घका अनुसार मार्च २८ को भूकम्पले ६० हजारभन्दा बढी मानिसलाई पाल शिविरहरूमा बस्न बाध्य पारेको छ र २० लाख मानिसलाई 'सहायता र सुरक्षाको गम्भीर आवश्यकता' मा धकेलेको छ।

निरन्तर लडाइँका बावजुद मानवीय समूहहरू र क्षेत्रीय शक्तिहरूले सहायता प्रयासहरू चौथो हप्तामा प्रवेश गर्दा युद्धविरामलाई लम्ब्याउन आह्वान गरेका छन्।

बिहीबार जुन्ता प्रमुख मिन अङ्ग ह्लाइङ्ग १० देशको आसियान ब्लकका अध्यक्ष मलेसियाली प्रधानमन्त्री अनवर इब्राहिमसँग दुर्लभ पर्दापछाडिको वार्ताका लागि बैंकक प्रस्थान गर्नुभएको छ।

दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्घ (आसियान) को अध्यक्षता गरिरहेको मलेसियाका प्रधानमन्त्री अनवरले म्यान्माको विपक्षी 'राष्ट्रिय एकता सरकार' सँग पनि कुरा गरेको र उक्त समूहले भूकम्पपछि त्यस्तै युद्धविरामको वाचा गरेको बताउनुभयो। बैठकपछि पत्रकारहरूलाई अनवरले भन्नुभयो, "दुवै पक्षले लडाइँको विस्तारलाई रोक्न आवश्यक सबै कुरा गर्ने सहमति जनाएका छन्।"

# इजरायलले गाजामा ५० दिनका लागि सहायता रोक्यो : राष्ट्रसंघ

न्युयोर्क, ९ वैशाख (रासस/क्युएनए)।

इजरायलले ५० दिनदेखि गाजा पट्टीमा सबै प्रकारका सहायताको प्रवेश रोकेको र प्यालेस्टिनीहरूमा परेको प्रभाव निकै गम्भीर रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घका प्रवक्ता स्टेफन डुजारिकले सोमबार राति न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा आयोजित पत्रकार सम्मेलनमा मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए) लाई उद्धृत गर्दै ५० दिनदेखि खाना, इन्धन, औषधि वा अन्य आवश्यक आपूर्ति गाजामा प्रवेश नगरेको बताउनुभयो।

"रासन काटिएको छ। महत्वपूर्ण औषधि, खोप र चिकित्सा आपूर्ति सबै कम हुँदै गइरहेको छ", उहाँले भन्नुभयो, "बालबालिका र वयस्कहरू भोकमरीबाट पीडित छन् र गाजा पट्टीमा स्वास्थ्य प्रणाली पतनको सँघारमा रहेको छ।"

डुजारिकले लाखौं मानिस विस्थापित भएको पनि बताउनुभयो भने आपत्कालीन टोली र सहायताकर्मीहरूमाथि इजरायली आक्रमणहरू फेरि बढेका छन्।

# ट्रम्पको धम्कीले क्युबेकलाई क्यानाडाको नजिक ल्याउँदै

मन्ट्रियल, ९ वैशाख (रासस/एएफपी)।

लामो समयदेखि गहिरो जरा भएको स्वतन्त्रता आन्दोलनका लागि परिचित क्युबेकले डोनाल्ड ट्रम्पको तीखो आक्रमणको सामना गर्दै क्यानाडाको भागका रूपमा आफ्नो पहिचानलाई दुर्लभ जोशका साथ अँगाल्दै आएको छ।

अमेरिकाको उत्तरी छिमेकी विरुद्ध अमेरिकी राष्ट्रपतिको आक्रमण र यसलाई ५१औं राज्य बनाउने उहाँको घोषित लक्ष्यले देशभरका मानिसहरूलाई २१औं शताब्दीमा क्यानाडाली हुनुको अर्थ के हो भनेर पुनर्विचार गर्न प्रेरित गरेको छ। उक्त पुनर्विचारलाई आउँदै गरेको सामान्य निर्वाचनले थप प्रोत्साहन दिएको छ। अपेक्षाहरू विपरीत क्यानाडाको बहुमतबाट आफूलाई अलग राख्न मन पराउने क्युबेक-फ्रान्सेली भाषी प्रान्त नयाँ देशभक्तिको भावनालाई सबैभन्दा बढी उत्साहपूर्वक अपनाउनेहरू मध्ये एक भएको छ।

"यो पागलपन हो, केवल केही हप्तामा मैले धेरै कुरामा विकास गरेको छु - म आफूलाई धेरै क्यानोडाली भएको महसुस गर्दछु", क्यारोल पोटभिनले स्वतन्त्रता समर्थक ब्लक क्युबेकिस पार्टीको गढ रहेको मन्ट्रियल छिमेकमा कफी पिउँदै बसेर फ्रान्सेली भाषामा भन्नुभयो, "हामीले खतरामा परेको महसुस गर्‍यौं र अमेरिकी शत्रुको सामना गर्न मलाई यो स्पष्ट लाग्छ कि हामी एकजुट हुनुपर्छ।"

# हिन्दु राष्ट्र लगायत नेता कार्यकर्ताको रिहाको माग गर्दै प्रदर्शन




**दैनिक समाचारदाता**
**राजविराज, ९ बैशाख ।**
राष्ट्रिय प्रजातन्त्र पार्टी सप्तरीले हिन्दुराष्ट्र घोषणा, राजतन्त्र पुनः स्थापना, संघीयता खारेजी तथा पक्राउ परेका आफ्ना नेता/कार्यकर्ताको रिहाईको मागँ गर्दै मंगलबार राजविराजमा प्रर्दशन गरेको छ ।

सो पार्टीको अगुवाईमा राजावादीहरुले प्रर्दशन गर्दै "राजा आउ देश बचाउ, हिन्दुराष्ट्र घोषणा गर, संघियता खारेज गर, आन्दोलनका क्रममा केही दिन अघि पक्राउ परेका आफना नेता/कार्यकर्ता रिहा गर लगायतका नाराबाजी गर्दै नगर क्षेत्रमा प्रर्दशन गरेका हुन् ।

प्रर्दशनका क्रममा प्रधानमन्त्रीको राजिनामा माग्नुका साथै सरकार विरुद्ध चर्को नाराबाजी समेत गरिएको थियो । नगर परिक्रमा पश्चात् जिल्ला प्रशासन कार्यालय पुगेको राष्ट्रिय प्रजातन्त्र पार्टीको नेता सहितको टोलीले जिल्ला प्रशासन कार्यालयमा केहीबेर धर्ना दिँदै प्रमुख जिल्ला अधिकारी भोला दाहाल मार्फत प्रधानमन्त्रीलाई ज्ञापन पत्र समेत बुझाएका छन् ।

सो क्रममा उक्त टोलीले प्रमुख जिल्ला अधिकारी दाहालका साथै सुरक्षाका लागी खटिएका सुरक्षाकर्मीहरुको हातहातमा उपहार स्वरुप फुल प्रदान गरेका थिए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष उम्देश्वर साह, केन्द्रिय सदस्य जया महतो, उमेश प्रसाद साह, युवा नेता सुरेश साहका साथै स्थानीयको सहभागिता रहेको थियो ।

# मधेस मिडिया काउन्सिलका अध्यक्ष उपाध्यायविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**दैनिक समाचारदाता**
**राजविराज, ९ बैशाख ।**
सोमबार मात्रै शपथ ग्रहण गरेका मधेस मिडिया काउन्सिलका अध्यक्ष कमलकुमार उपाध्यायविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । भ्रष्टाचार मुद्दामा विशेष अदालतमा मुद्दा दर्ता भएसँगै २४ घण्टा नबित्दै निलम्बन परेका हुन् ।


अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगालले मंगलबार उनीसहित तीन जनामाथि भ्रष्टाचार मुद्दा दायर गरेको हो । सोमबार मात्रै उनलाई मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले पद तथा गोपनीयताको शपथग्रहण गराएका थिए ।

अख्तियारले उपाध्याय सहित बारा पचरौता नगरपालिका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत श्यामप्रसाद यादव र लेखापाल हासिम मियाँ अन्सारीविरुद्ध ३ लाख ५२ हजार ५ सय ६० रुपैयाँ बिगोसहित मुद्दा विशेष अदालतमा दर्ता गरेको छ ।

नगरपालिकाले गरेको टेन्डर विज्ञापन सार्वजनिक खरिद ऐन विपरीत गरेको उनीहरूमाथि आरोप छ । बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद ऐन बमोजिम राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने प्रावधान छ । तर, उपाध्याय अध्यक्ष रहेको केएस मल्टिपर्पस प्रालिबाट प्रभाव दैनिक पत्रिकामा एक प्रति मात्रै पत्रिका प्रकाशन गरेर बोलपत्र आह्वानको सूचना प्रकाशित गरेको अख्तियारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

भुक्तानी दिएको पुष्टि भएपछि तीनै जनामाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ङ) बमोजिमको कसुर भएकोले बिगोसहित सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम अख्तियारले कैद पनि माग दाबी गरेको छ । मधेस प्रदेशका गृह तथा सञ्चार मन्त्री राजकुमार लेखीले सो विषयमा भर्खरै जानकारी प्राप्त गरेको र छलफल गरिरहेको बताए ।

उपाध्याय नेपाल पत्रकार महासंघ बाराका पूर्व अध्यक्ष हुन् । उनले एमालेबाट प्रमुख तथा उपप्रमुख निर्वाचित भएका पालिकाहरूमा तालिम तथा विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।



राजविराज नगरपालिका
१३ नं. वडा कार्यालय
राजविराज सप्तरी

पत्र संख्या ०८१/०८२
चलानी नं. ६९६
मिति(Date)२०८१/०१/०९

श्री राजविराज नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
राजविराज,सप्तरी

**विषय:-कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्बन्धमा।**

सुचना । सुचना ।। सुचना ।।।

उपरोक्त सन्बन्धमा यस जिल्ला सप्तरी राजविराज नगरपालिकाको चालु आ.व.२०८१/०८२ को वडा स्तरिय योजना अन्तर्गत वडा नं.-१३ को योजना/ कार्यक्रम बजेट रु.४००००० अक्षेरुपि चार लाख मात्र सिमा भित्र रहेको जेष्ठ नागरिक कार्यक्रमको लागी सम्बन्धित संघ संस्थाले आ-आफ्नो संघ संस्थाको मु.अ.कर प्रमाण पत्र विधान सुचिदर्ता प्रमाण पत्र प्रतिलिपि सहितको कार्यक्रमको प्रस्तावना सहित ३ दिन भित्र राजविराज नगरपालिकाको सामाजिक विकास शाखामा निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशन गरिएको छ।

त्रिलोकी नाथ चौधरी
वडा अध्यक्ष

त्रिलोकी नाथ चौधरी
वडा अध्यक्ष
रा.वि.न.पा. वडा नं.-१३

# ट्रकको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ९ बैशाख ।**
पर्सामा ट्रकको ठक्करबाट एक मोटरसाइकल चालकको मृत्यु भएको छ ।

मंगलबार दिउँसो ट्रकले ठक्कर दिँदा परवानीपुरका मोटरसाइकल चालक प्रदीप गुप्ताको मृत्यु भएको पर्सा प्रहरीले जनाएको छ ।

वीरगञ्ज महानगरपालिकाको वडा २१ मा ना६ख ७६०९ नम्बरको ट्रकले मधेस प्रदेशको प्रदेश २-०३-०२१ प ६३०७ नम्बरको मोटरसाइकललाई ठक्कर दिँदा उनको मृत्यु भएको हो ।

प्रहरीका अनुसार उक्त दुर्घटनामा मधेस प्रदेशको ०३-००१ द ००५१ नम्बरको ट्रयाक्टरलाई समेत ट्रकले ठक्कर दिएको थियो ।

मोटरसाइकललाई ठक्कर दिने ट्रक भने पर्साको परवानीपुर प्रहरी चौकीमा राखिएको छ भने घटना थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# किर्ते जालसाजी मुद्दामा पूर्ववडाध्यक्ष साह पक्राउ

**दैनिक समाचारदाता**
**सिरहा, ९ वैशाख ।**
सिरहाको नवराजपुर गाउँपालिका २ का पूर्ववडाध्यक्ष खुशीलाल साह किर्ते जालसाजी मुद्दामा पक्राउ परेका छन् ।

साहले वर्तमान वडाध्यक्ष सुरेशकुमार यादवको हस्ताक्षर र वडा कार्यालयको छाप किर्ते गरेको आरोपमा सोमबार पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले जानकारी दिएका छन् ।

उनका अनुसार विसं २०८० माघ १९ मा वडाध्यक्ष यादवको नक्कली हस्ताक्षर र वडा कार्यालयको छापसमेत किर्ते गरी पूर्वअध्यक्षले चार किल्ला सिफारिस बनाएको भन्दै उजुरी परेको थियो । अदालतबाट म्याद लिएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

साह विसं २०७४ को स्थानीय निर्वाचनमा नेपाली कांग्रेसबाट नवराजपुर गाँउपालिका-२ को वडाध्यक्षमा निर्वाचित भएका थिए । पछि विसं २०७९ को निर्वाचनमा एमालेबाट नवराजपुर गाउँपालिका अध्यक्षमा चुनाव लडेर पराजित भएका थिए ।

***शुभलाभ सहकारीका ...***

व्यवस्थापक झाले आफै चलाएको आरोप रहेको प्रहरीको भनाई छ ।

सप्तरी जिल्ला अदालतबाट उक्त मुद्दामा पक्राउ पुर्जी जारी भएपछी झालाई पक्राउ गरिएको प्रहरी उपरिक्षक खतिवडाले जानकारी दिए ।

मंगलबार नै अदालतबाट पाँच दिनको म्याद थपेर झामाथी थप अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

***अपहरण तथा ...***

घर मै लुकीछिपी बसेको अवस्थामा इलाका प्रहरी कार्यालय कडरबोनाबाट खटिएको टोलीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायब उपरिक्षक जीतेन्द्र कुमार वस्नेतले जानकारी दिए ।

फैसला कार्यान्वयका क्रममा पक्राउ परेका उनलाई मंगलवार सप्तरी जिल्ला अदालतमा उपस्थित गराउँदा आदेशानुसार कैद सजाय भुक्तानका लागी राजविराज कारागार चलान गरिएको प्रहरीले जनाएको छ ।

**भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।**

**नयाँ वर्ष २०८२ को शुभकामनाका साथै यस**

**Wisdom School**
Rajbiraj 2

**राजदेवी चौकमा नयाँ शैक्षिक सत्र २०८२ को लागि धमाधम भर्ना खुल्यो**

**हाम्रो विशेषताहरु**
– दक्ष अनुभवी शिक्षक तथा शिक्षिकाहरुद्वारा अध्यापन गराइने ।
– बालमैत्री शिक्षा अनुसार अध्यापन गराइने ।
– CC Camera को निगरानीमा पठनपाठन गराइने ।
– अतिरिक्त क्रियाकलाप साप्ताहिक गराइने ।
– प्रयोगात्मक तथा कम्प्युटर प्रयोगशालाको व्यवस्था भएको ।
– गरिब, दलित, शहिद परिवार तथा जेहेन्दार विधार्थीको लागि विशेष छुटको व्यवस्था
– कक्षामा प्रथम हुनेलाई ५० प्रतिशत, दोश्रोलाई ३० प्रतिशत र तेश्रोलाई २० प्रतिशत शुल्कमा छुट दिइने ।

**प्रधानाध्यापक**
Wisdom School, Rajbiraj 2
**सम्पर्क नं. ०३१-५९०१९२, ९८१२०२२१३५, ९८०४७२६१९२**

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*